आज मिति २०८१ साल पौष ५ गते शुक्रबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता बि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल

श्री सन्तोष सापकोटा

श्री अमर सिं बगाल

अधिकृत छैठौं

लेखापाल

अधिकृत छैठौं (योजना शाखा)

मिति २०८१/०९/०५ गतेको कार्यपालिकाको १५५ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | १६ औं गाउँ सभाको मिति तय सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको १६ औं गाउँसभा मिति २०८१ पौष महिनाको ९ गते सञ्चालन गर्ने । | |
| २ | गाउँ सभामा पेश गरिने बजेट, कार्यक्रम तथा आयोजना संशोधन सम्बन्धमा । | चालु आ.ब. का बजेट, कार्यक्रम तथा आयोजना संशोधन गरी गाउँ सभामा पेश गर्ने । | |
| ३ | अल्याबाट बचत भएको रकम बाँडफाँड गरी सभामा पेश गर्ने सम्बन्धमा । | अल्याबाट बचत भएको रकम विभिन्न कार्यक्रममा बाँडफाँड गरी सभामा पेश गर्ने । | |
| ४ | राजस्व परामर्श समितिबाट पेश भई आर्थिक ऐनमा थप तथा संशोधन गर्ने विषय गाउँसभामा पेश गर्ने सम्बन्धमा । | राजस्व परामर्श समितिबाट पेश भएको तपशिल बमोजिमको आर्थिक ऐनमा थप तथा संशोधन गर्ने विषय गाउँसभामा पेश गर्ने । | |
| ५ | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८१/०८२ मा विनियोजन भएको योजना संशोधनको लागि सिफारिस गर्ने सम्बन्धमा । | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०८१/०८२ मा विनियोजन भएको तपशिल बमोजिमको आयोजनामा संघीय सरकार अन्तर्गत बृहत दाङ उपत्यका सिचाई आयोजनाबाट बजेट विनियोजन भई कार्यान्वयन भइरहेको हुँदा उक्त आयोजनामा बजेटमा दोहोरोपना पर्न गएकोले देहाय बमोजिम संशोधनको लागि सिफारिस गर्ने।<br>तपशिल<br>1. हात्तिढुङ्गा घुसुल्ला गैरीखेत हुँदै दाम्का सम्म सिचाई कुलो निर्माण आयोजना वडा नं. ३ लाई संशोधन गरी करिवास चिसापानी सिचाई कुलो निर्माण आयोजना वडा नं. ३ । | |
| ६ | त्रिवेणी गाउँपालिका वडा नं. ३ को भवन निर्माणको लागि सरीकोट गाउँ पञ्चायतको जग्गा सगँ सटेका जग्गा दान गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा । | त्रिवेणी गाउँपालिका वडा नं. ३ को भवन निर्माणको लागि सरीकोट गाउँ पञ्चायतको जग्गा सँग सटेका जग्गा दान गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा । | |
| ७ | आयोजना निर्माणका लागि सिफारिस सम्बन्धमा । | त्रिवेणी गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका आयोजना निर्माणका लागि सम्बन्धित कार्यालयमा सिफारिस गर्ने । १.त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित पिमखोला ढुँगीबजार हुँदै शारदा खोला अन्तर्गत ढुँगीबजार भन्ने स्थानमा बाढीको कारणले सिमलगैरा सिचाईकुलो तथा ढुँगीबजार बस्तीलाई जोखिममा पारेको हुँदा सिमलगैरा सिचाई कुलोको मुहान तथा ढुँगीबजारमा तटबन्ध निर्माण तथा सिचाई कुलो निर्माणको लागि सम्बन्धीत कार्यालयमा सिफारिस गर्ने । | |
| ८ | नगर प्रहरीको राशन सुविधा सम्बन्धमा । | नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद ११ को दफा ७९ बमोजिम नगर प्रहरीलाई राशन सुविधा वापत महिनामा रुजु हाजीर २५दिन भएमा रु.२००० (अक्षरुपि दुई हजार) का दरले राशन सुविधा उपलब्ध गराउने । | |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुहाम सल्यान कर्णाली प्रदेश, सल्यान

**निर्णयहरु**

**निर्णय नं. -१.** प्रस्ताव नं. १ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको १६ औं गाउँसभा मिति २०८१ पौष महिनाको ९ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -२.** प्रस्ताव नं. २ माथी छलफल गर्दा, गाउँ सभामा पेश गरिने चालु आ.व. का तपशिलमा उल्खित बजेट, कार्यक्रम तथा आयोजना संशोधन, रकमान्तरको लागि सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

## संशोधन गरिएका योजना तथा कार्यक्रम

| स्वीकृत योजना/कार्यक्रम | घट बजेट | संशेधित योजना/कार्यक्रम | सशोधित स्वीकृत बजेट |
|---|---|---|---|
| **स्वास्थ्य शाखा** | | | |
| PNC घरजाच भेट कार्यक्रम | १५५५०० | महिला स्वास्थ्य स्वयमसेविका स्वास्थ्य बिमा ५० प्रतिशत अनुदान थप | १५५५०० |
| स्वास्थ्य चौकिमा सुत्केरी हुन आउने महिलाहरुका लागि एम्बुलेन्स व्यवस्था प्रेषण समेत | १००००० | २४ पटक वृद्धि अनुगमन गरे वापत प्रोत्साहन र प्रमाण पत्र थप | ५०००० |
| स्वास्थ्य चौकिहरुका लागि आवशयक औषधि खरिद | ५००००० | पोषण मैत्री वडा घोषणा तयारी कार्यक्रम | ५००००० |
| | | रेविज भ्याक्सिन निशुल्क वितरण कार्यक्रम | ५०००० |
| **महिला तथा वालवालिका शाखा** | | | |
| महिला उद्यमिलाइ ५० प्रतिशत अनुदान कार्यक्रम | ५००००० | लक्षित वर्गहरूका समूह तथा संजालहरूलाइ सिप तथा क्षमता विकास तालिम (कटाइ सिलाइ तालिमका लागि थप ) | ३००००० |
| | | जेष्ठ नागरिक र विशेष किसिमका क्षमता भएका व्यक्तिहरूका लागि संरक्षण तथा प्रवर्दन कार्यक्रम | २००००० |
| **शिक्षा शाखा** | | | |
| विद्यालय स्तरीय परीक्षा | ६२००० | गाउँपालिका अनुदान शिक्षक | ६२००० |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | छनोट बैठक भत्ता | |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| कार्यालय व्यवस्थापन खर्च | २५००० | वडा अध्यक्ष कप खेलकुद कार्यक्रममा थप | २५००० |
| सालिवाङ सल्लेरी हासेपोखरा मोटरबाटो निर्माण आयोजना | ४००००० | सालिवाङ गुन्टा हासेपोखरा मोटरबाटो निर्माण आयोजना | ४००००० |
| नयाँ स्वास्थ्य चौकि भवनमा खानेपानी निर्माण आयोजना | ३००००० | वडा कारयालय नया मोटरबाटो निर्माण तथा मर्मत आयोजना | ५०००० |
| | | गैरीकटेरी शिव मन्दिर रङरोगन तथा घेरवार निर्माण आयोजना | २५०००० |
| छहरेखोला बेतेनी घोडामारे सिचाइकुलो निर्माण आयोजना | १५०००० | घोडामारे मुख्य शाखा सिचाइकुलो निर्माण आयोजना | १५०००० |
| **वडा नं.२** | | | |
| गेरुने खानेपानी निर्माण आयोजना | १०००००। | भलिवल फिल्ड निर्माण आयोजना चोरखोला आयोजना | ५००००। |
| | | भलिवल फिल्ड निर्माण आयोजना कौँरागिठी आयोजना | ५००००। |
| गोपीपनेरा इन्टेक निर्माण आयोजना | ८००००। | पनेरीखोला खानेपानी निर्माण आयोजना | ८००००। |
| **वडा नं. ३** | | | |
| ढुंगीवजार व्याटमिन्टन कोर्ट निर्माण | १००००० | त्रिवेणी ३ का वजारक्षेत्रमा फोहोर व्यवस्थापनका लागि डस्टविन खरिद | १००००० |
| ठारीखोरीया सिचाइ कुलो निर्माण आयोजना | २००००० | ठारीखोरीया सिचाइ कुलो निर्माण तथा तटबन्धन आयोजना | २२५००० |
| गैरज्यूलामा खा.पा इन्टेक निर्माण आयोजना | २५००० | | |
| **वडा नं. ५** | | | |
| थापा पनेरा खा.पा टंकि निर्माण | १००००० | भोटेमूल मसानघाट प्रतिक्षालय निर्माण आयोजना | १००००० |
| आकाशि खा.पा टंकि निर्माण आयोजना | १५०००० | मिलिजुली आमा समूह भवन निर्माण तथा मर्मत आयोजना | १५०००० |
| आर्यलन चर्च ढलान आयोजना | १००००० | टुनिबोट खा.पा टंकि निर्माण आयोजना | १००००० |

[signature]
धुम बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| आमासमूह भवन तला थप शौचालय निर्माण आयोजना | १००००० | कालिका प्रा.वि जोडने मोटरबाटो निर्माण आयोजना | २००००० |
| कालिका प्राबि खानेपानी टंकि निर्माण आयोजना | १००००० | | |
| सिर्जनशिल आमा समूह भवन निर्माण आयोजना | १५०००० | एकछापे खानेपानी मुहान घेरवार र पाइप खरीद | १५०००० |
| **वडा नं. ६** | | | |
| खोलीखेत तथा माथिल्लो अर्नेखोला सिचाइ कुलो निर्माण आयोजना | २००००० | माथिल्लो अर्ने सिचाइ कुलो निर्माण आयोजनामा थप | २००००० |
| मजाउज्यूला मोटरबाटो निर्माण आयोजना | २००००० | मसानघाट सिचाइ कुलो निर्माण आयोजना | २००००० |
| युवाहरुका लागि अङग्रेजी भाषा सिकाइ | १५०००० | चरिङ्गेमुल मुहान मर्मत आयोजना | ५०००० |
| | | वडा भित्रका जेहेन्दार गरिब र अपाङ्गता भएका विद्यार्थिका लागि शैक्षिक सामाग्री वितरण कार्यक्रममा थप | ५०००० |
| | | कार्यालय व्यवस्थापनमा थप | ५०००० |

<u>निर्णय नं. -३,</u> प्रस्ताव नं.३ माथी छलफल गर्दा, अल्यावाट बचत भएको रकम तपशिल वमोजिमका आयोजना तथा कार्यक्रममा बाँडफाँडका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल :</u>

| क्र.स | शिर्षक | | स्रोत |
|---|---|---|---|
| १ | कोलचौर खोला अनुरुद्र सडक | ५२००००० | अल्या |
| २ | लुहाम फलावाङ मख्खनटाकुरी सडक निर्माण | ३०००००० | अल्या |
| ३ | ढुंगीवजार पिमखोला सडक निर्माण (सडक बोर्ड ) | १०००००० | अल्या |
| ४ | लुहाम ढोरचौर सडक निर्माण | १०००००० | अल्या |
| ५ | लुहाम ढोरचौर सडक निर्माण (सडक बोर्ड ) | ३००००० | अल्या |
| ६ | One Heart Program मा साझेदारी | ७००००० | अल्या |
| ७ | वडाका सडक मर्मतमा थप | ३५००००० | अल्या |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | कर्णाली प्रदेशमा निर्माणाधिन मानव सेवा आश्रममा सहयोग अनुदान | ६५०००० | अल्या |
| ९ | वडा कार्यालय भवन वडा नं ३ क्रमागत | २५००००० | अल्या |
| १० | बेरूजू रकम दाखिला | २९००००० | अल्या |
| ११ | स्वास्थ्य कार्यक्रम ( पोषण सम्बन्धी ) | ५००००० | अल्या |
| १२ | बाह्रभदौ विद्यालय व्यवस्थापन अनुदान | ५०००० | अल्या |
| १३ | फूलवारी स्वास्थ्य आमा समूह शौचालय निर्माण | ५०००० | अल्या |
| १४ | आवधिक योजना निर्माणमा थप | ५००००० | अल्या |
| १५ | खानेपानी पाइप खरिद तथा वितरण | १५००००० | अल्या |
| १६ | बासटारी सिचाइ कुलो मर्मत आयोजना | २००००० | अल्या |
| १७ | त्रिवेणी गाउँपालिका वडा नं. ५ लामीखोलामा कलभर्ड निर्माण आयोजना | २५००००० | अल्या |
| १८ | नागरिक सन्तुष्टी सर्वेक्षण, सामाजिक परीक्षण,सार्वजनिक सनुवाई, रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण, त्रिवेणी गतिविधि कार्यक्रम | १४००००० | |
| १९ | जोखिम संवेदनशिल भुउपयोग योजना | ५००००० | अल्या |
| २० | त्रिवेणी गाउँपालिकाको लोगो निर्माण | २५००० | अल्या |
| २१ | सिकाइ स्तरमा आधारित शिक्षण कार्यक्रम सञ्चालन तथा कर्मचारीको पारिश्रमिक | १५०००० | अल्या |

निर्णय नं. -४, प्रस्ताव नं. ४ माथी छलफल गर्दा, राजस्व परामर्श समितिबाट पेश भएको तपशिल वमोजिमको आर्थिक ऐनमा थप तथा संशोधन गर्ने विषय गाउँसभामा पेश गर्ने निर्णय गरियो।

तपशिल

पालिका बाट उत्पादन भई निकासी हुने देहायका मालबस्तुकको निकासीमा लाग्नेदस्तुर

| क्र.स | दस्तुर शिर्षक | दर | एकाई |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | सल्लाको खोटो | ५० पैसा | प्रति केजी |
| २ | टिमुर/अदुवा | ५० पैसा | प्रति केजी |
| ३ | सुठो | १ रुपैया | प्रति केजी |

शिक्षा क्षेत्रको दस्तुर

| क्र.स | दस्तुर शिर्षक | दर | एकाई |
|---|---|---|---|
| १. | परीक्षा शुल्क (कक्षा ८) | ५०० रुपैया | प्रति व्यक्ती |
| २. | ग्रेडशीट प्रमाणपत्र शुल्क (कक्षा ८) | १००० रुपैया | प्रति गोटा |
| ३. | प्रमाणपत्र प्रतिलिपी शुल्क (कक्षा ८) | ५०० रुपैया | प्रति गोटा |

सिफारिस

| क्र.स | दस्तुर शिर्षक | दर | एकाई |
|---|---|---|---|
| १. | कृषि तथा पशु संग सम्बन्धीत सिफारिस | १५० रुपैया | प्रतिपटक |

छुट

पालिका स्तरिय कृषि कार्यक्रममा सहभागी हुँदा एक वटा कार्यक्रमको प्रस्तावना आह्वान देखि भुक्तानी सम्मको लागि एक पटक मात्र सिफारिस दस्तुर लिने ।

सामाजिक सुरक्षा प्रयोजनाको लागी हुने जुनसुकै सिफारिसहरुमा सिफारिस दस्तुर लाग्ने छैन ।

निर्णय नं. -५, प्रस्ताव नं. ५ माथी छलफल गर्दा, मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा विनियोजन भएको तपशिल बमोजिमको आयोजनामा संघीय सरकार अन्तर्गत वृहत दाङ उपत्यका सिचाई आयोजनाबाट बजेट विनियोजन भई कार्यान्वयन भइरहेको हुँदा उक्त आयोजनामा वजेटमा दोहोरोपना पर्न गएकोले देहाय बमोजिम संशोधनको लागि सिफारिस गर्ने।

तपशिल

हात्तिढुङ्गा घुसुल्ला गैरीखेत हुँदै दाम्का सम्म सिचाई कुलो निर्माण आयोजना वडा नं. ३ लाई संशोधन गरी कँरिवास चिसापानी सिचाई कुलो निर्माण आयोजना वडा नं. ३ ।

निर्णय नं. -६, प्रस्ताव नं. ६ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिका वडा नं. ३ को भवन निर्माणको लागि साविक सरीकोट गाउँ पञ्चायतको जग्गामा उक्त वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने निर्णय साथै उक्त सरीकोट गाउँ पञ्चायतको जग्गा वडा कार्यालयको नाममा पास गर्न अवलम्वन गरेको प्रक्रिया सहित उक्त स्थानमा सटेका जग्गाको जग्गा दानको लागि सार्वजनिक

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सूचना आह्वान गरिदेन भनि वडा नं.३ को वडा समितिले निर्णय गरेको हुँदा सरीकोट गाउँ पञ्चायतको जग्गा सँग सटेका जग्गा दान गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -७,</u> प्रस्ताव नं. ७ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित पिमखोला ढुंगीबजार हुँदै शारदा खोला अन्तर्गत ढुंगीबजार भन्ने स्थानमा बाढीको कारणले सिमलगैरा सिचाईकुलो तथा ढुंगीबजार बस्तीलाई जोखिममा पारेको हुँदा सिमलगैरा सिचाई कुलोको मुहान तथा ढुंगीबजारमा तटबन्ध निर्माण तथा सिचाई कुलो निर्माणको लागि सम्वन्धीत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -८,</u> प्रस्ताव नं. ८ माथी छलफल गर्दा, नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ को परिच्छेद ११ को दफा ७९ बमोजिम नगर प्रहरीलाई राशन सुविधा वापत महिनामा रुजु हाजीर २५दिन भएमा रु.२००० (अक्षरुपि दुई हजार) का दरले राशन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत